मितिः २०७८।०१।१५

**१०१ औं कार्यपालिका बैठकका निर्णयहरूः**

**निर्णय नं. १:** १०० औं कार्यपालिका बैठकका निर्णय कार्यान्वयन सम्बन्धि समीक्षा गरियो।

**निर्णय नं. २:** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च. नं. ६९ मिति २०७७।१२।२५ गतेको आवश्यक कारवाही सम्बन्धमा पत्र कार्यपालिकामा प्रस्तुत गरि सो सम्बन्धि घर जग्गाको मूल्याङ्कन दर समायोजन राजश्व परामर्श समितिको सिफारिस बमोजिम आगामी नगर सभावाट स्वीकृत भए वमोजिम हुने हुँदा सम्बन्धित पक्षलाई जानकारी गराउने ।

**निर्णय नं. ३:** कोभिड-१९ रोग नियन्त्रण सम्बन्धमा देहाय वमोजिम गर्ने ।

क) मिति २०७७।०१।१४ गते को नगर सुरक्षा समितिको बैठकबाट गठन गरिएको देहाय बमोजिमको कोभिड-१९ सहजिकरण तथा अनुगमन समिति गठन गर्ने निर्णय अनुमोदन गर्ने ।

| | |
|---|---|
| १) प्रमुख प्रशासकीय अधिकृत- | संयोजक |
| २) सुशासन समिति संयोजक- | सदस्य |
| ३) स्थानीय सुरक्षा निकायका प्रमुख- | सदस्य |
| ४) स्थानीय उद्योग वाणिज्य संघका अध्यक्ष- | सदस्य |
| ५) स्थानीय पत्रकार- | सदस्य |
| ६) स्वास्थ्य शाखा संयोजक — | सदस्य सचिव |

ख) कोभिड-१९ रोग नियन्त्रण प्रचारप्रसार र कोभिड अस्पताल व्यबस्थापनको लागि देहाय बमोजिमको रकम विपद व्यवस्थापन कोषबाट खर्च गर्ने।

कोभिड-१९ रोग नियन्त्रण प्रचारप्रसारः

| | |
|---|---|
| १) सवारी साधन भाडा- | रू. ३५,०००।— |
| २) ईन्धन- | रू ३५,०००।- |
| ३) माईक भाडा- | रू १०,५००।- |

४) पर्चा, पम्पलेट/ब्यानर- रू २०,०००।–

५) मास्क सेनिटाईजर पंजा- रू १५,०००।–

जम्मा: रू १,१५,५००।–

कोभिड अस्पताल व्यवस्थापन:

१) जेनेरेटर खरिद- रू. १,५०,०००।–

२) अक्सिजन सिलिण्डर खरिद- रू. १,००,०००।–

३) औषधि उपकरण खरिद- रू. १,००,०००।–

४) स्वास्थ्य सुरक्षा सामग्री खरिद- रू. १,००,०००।–

५) विविध खर्च- रू ५०,०००।–

जम्मा: रू. ५,००,००० ।-

ग) विदेशबाट आएका र कोरोना रोग पुष्टी भएका व्यक्तिहरूको व्यवस्थापन गर्न निजहरूलाई होम क्वारेन्टाईन / आईसोलेसनमा राख्ने तथा सो को वडा कार्यालय तथा प्रहरीबाट अनुगमन गर्ने ।

घ) नगरभित्र कोभिड रोग नियन्त्रण गर्ने प्रयोजनका लागि नगरपालिका तथा अन्तरगतका कार्यालयबाट अत्यावश्यक सेवा बाहेकका अन्य सेवाहरू २०७८।०१।१६ गते देखि २०७८।०१।२२ गते सम्म वन्द गर्ने र समाजिक सुरक्षा भत्ता वितरण, व्यक्तिगत घटना दर्ता शिविर समेत अर्को सूचना नभए सम्मको लागि स्थगित गर्ने ।

**निर्णय नं. ४:** संस्था दर्ता दस्तुर नेपाल सरकाकरले जारी गरेको संस्था दर्ता नियमावली, २०३४ बमोजिम कायम गर्ने ।

**निर्णय नं. ५:** शिक्षा समितिको २०७७।१२।१५ गतेको निर्णय नं. ४ अनुमोदन गर्ने ।

**निर्णय नं. ६:** यस कार्यालयको ठुलो टिप्पर र ब्याकहो लोडर को न्यूनतम मासिक भाडा रकम क्रमश: रू १,००,००० र रू. १,५०,००० कायम गरी भाडामा लिन १५ दिने सूचना जारी गरि भाडामा लिने प्रस्ताव आह्वान गर्ने ।

**निर्णय नं. ७:** खेल ग्राम निर्माणको लागि युवा तथा खेलकुद मन्त्रालयसंग कुल लागतको ३०% ले हुन आउने रकम रू १०,७१,४२८.५७ समपूरक कोषबाट साझेदारी गर्ने र ठेक्का प्रकृया सुरू गर्ने ।

**निर्णय नं. ८:** देहाय वमोजिम झोलुङ्गे पुल निर्माणमा प्रावधिक तथा समाजिक सहयोग गर्न नेपाल राष्ट्रिय विकास समाज, कंचनपुरलाई जिम्मेवारी दिने ।

क) वडा ९ स्थित झोलुङ्गे पुल

**निर्णय नं. ९:** भलिबल खेलाडी श्री केशब सिंह कुंवरलाई आर्थिक सहयोग सम्बन्धि प्रस्ताव कार्यपालिका बैठकमा पेश गरियो ।

**निर्णय नं. १०:** सडक मापदण्ड तथा अधिकार क्षेत्र निर्धारण समितिको मिति २०७७।१२।२७ गतेको निर्णयबाट पेश गरेको शहरी विकास आयोजनाबाट निर्माणाधीन M1, M2 र M3 सडक निर्माणको क्रममा हुने क्षतिपूर्तीको लगत ईष्टिमेट अनुसार व्यबस्थापन गरि २ किस्तामा सडक मापदण्डमा परेका घरहरूको मर्मत सुधार गर्ने।

निर्णय प्रमाणित
२०७८।१।१५